## हंसपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ११ मिति २०७९/०३/२५

भाग–१

हंसपुर नगरपालिका

## खानेपानी तथा सरसफाई ऐन, २०७९

आज्ञाले,

केशव कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

# हंसपुर नगरपालिका
# खानेपानी तथा सरसफाई ऐन, २०७९

प्रस्तावनाः

संविधानको अनुसुचि ८ मा स्थानिय तहलाई दिइएको अधिकार अनुसार हंसपुर नगरपालिकाले आफ्ना नगरवासीका लागी शुद्ध खानेपानीको पदपुर्तिका लागी तथा स्वस्थ जनजीवनका लागी सरसफाई कायम राख्न यो खानेपानी तथाँ सरसफाई ऐन २०७९ को निर्माण गरेको छ।

## परिच्छेद-१

प्रारम्भिक :

१. सङ्क्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "हंसपुर नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले हंसपुर नगरपालिकामा रहेका सम्पूर्ण नगरवासीको उत्थानका लागी निर्माण गरीएको हंसपुर नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०७९ सम्झनुपर्छ।

(ख) "नगरपालिका" भन्नाले हंसपुर नगरपालिकालाई सम्झनुपर्छ।

(ग) "विभाग" भन्नाले नगरपालिकाको खानेपानी तथा सरसफाईको सन्चालन गर्ने विभागलाई सम्झनुपर्छ।

(घ) "स्थानीय कानुन" भन्नाले हंसपुर नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनुपर्छ।

(ङ) "संस्था" भन्नाले नगरपालिकामा खानेपानी तथा सरसफाई कार्यमा टेवा प्रदान गर्दै आएका सम्पूर्ण संस्थालाई सम्झनुपर्छ।



CamScanner

३. **कार्यविवरण र कार्यसम्पादन :**

(क) खानेपानी तथा सरसफाईको उचित व्यवस्थापनका लागी विभिन्न कार्यक्रमहरुको योजना तर्जुमा गरी नगरपालिकाको वासिन्दाहरुको उत्थान गर्नमा पहल गर्ने ।

(ख) जिवन यापनका लागी अति आवश्यक खानेपानी तथा सरसफाई सँग सम्वन्धित प्राथमिकताका सम्पूर्ण सामग्रीहरु सम्वन्धित संस्थाहरुले सुमयमा नै व्यवस्थापन गरी नगरवासीका लागी स्वच्छ खानेपानीको परिपूर्ति गर्न तथा स्वस्थ्य जिवनका लागी सरसफाई व्यवस्थित गर्ने ।

(ग) खानेपानीको स्वच्छता तथा शुद्धिकरणका लागी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सरसफाईका लागी नगरपालिकाले वनाएको नीति निर्देशन पालन गर्नुपर्ने सम्पूर्ण नागरीकको कर्तव्य हुनेछ ।

(ङ) आवश्यकता अनुसारका समिति गठन गरी कार्य सम्पादनमा सहजता प्रदान गर्ने ।

(च) खानेपानीको श्रोत तथा साधनलाई क्षतिपूर्ति पुर्याए तथा सरसफाईका कार्यमा वाधा पुर्याउने या नगरको नीति निर्देशन नमान्नेलाई प्रचलित कानून अनुसार कारवाहि गरिनेछ ।

(छ) यस ऐनको उद्देश्य प्राप्तिका लागी अन्य आवश्यक कार्य गर्ने गराउने ।

४. **खानेपानी तथा सरसफाईको व्यवस्थापनः**

(क) खानेपानी तथा सरसफाई सम्वन्धि विभिन्न परियोजनाको तथा विशिष्ट कार्यक्रमहरुको माग गरी सो कार्यक्रमको जनसभागिता मूलक सञ्चालन गर्ने ।

(ख) सरसफाई तथा स्वच्छ खानेपानीका लागी चेतना मूलक तालिमहरु सञ्चालन गरी सक्रिय रुपमा लागु गर्ने ।

(ग) प्राविधिक रुपमा सम्वृद्ध बनाउँदै नगरमा खानेपानी परिक्षण तथा कुलो तथा नहर प्रतिस्थापना जस्ता महत्वपूर्ण कार्यक्रमको सञ्चालन गर्ने ।

(घ) खानेपानीको शुद्धता परिक्षणका लागी प्राविधिक समिति गठन गरी नगरव्यापी रुपमा सञ्चालन गर्ने ।

(ङ) सरसफाईका लागी नगरमा विभिन्न अभियान सुचारु गर्ने ।



CamScanner

५. विभागको कर्तव्य र अधिकार:

(क) खानेपानी सँगै सम्बन्धित कुनै पनि किसिमका समस्याहरुबाट समाजमा आईपर्न सक्ने क्षतिलाई न्युनिकरण गराउने ।

(ख) सरसफाई तथा खानेपानी शुद्धिकरणका कार्यक्रम तर्जुमा गरी सो कार्यक्रमका लागी अनुदान प्राप्तिको सहजताको माहोल सिर्जना गराउने ।

(ग) सरसफाई कार्यक्रम मार्फत जनजीवन सुधारको मार्गमा नगरलाई उन्मुख गराउने ।

(घ) सरसंफाईका लागी फोहोर सङ्कलन तालिका बनाई सो तालिका लागु गराउने ।

(ङ) यस ऐनको उद्देश्य प्राप्तिका लागी अन्य आवश्यक कार्य गर्ने गराउने ।

(च) नगर भित्र रहेका बाटो घाटोहरु को सरसफाई तथा बाटो अवरोध भएकालाई हटाई बाटो खुल्ला राख्ने ।

६. उपसमिति गठन गर्न सक्ने:

नगरपालिकाले खानेपानी तथा सरसफाई सम्वन्धि कुनै पनि काम गर्न तथा गराउन आवश्यकता अनुसार सम्वन्धित विशेषज्ञ व्यक्तिहरु समेत रहेको उपसमितिहरु गठन गर्न सक्नेछ ।

७. निर्देशन दिन सक्ने:

हंसपुर नगरपालिकाको कार्यालयले यस ऐनको कार्यान्वयन गर्ने सम्वन्धमा खानेपानी तथा सरसफाई समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

८. ऐन बमोजिम हुने:

यस ऐनमा लेखिए बमोजिमका कुरा लेखे अनुरुप हुने साथै यस ऐनमा उल्लेख नभएका कुरा नगरप्रमुखको निर्णय अनुसार हुनेछ ।

९. नियम बनाउने अधिकार:

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न तथा गराउन नियम बनाउने अधिकार नगरपालिकाको कार्यालय अन्तर्गत नगर प्रमुखमा रहनेछ ।